# सम्बन्ध विच्छेद

**पति/पत्नी बीचको वैवाहिक सम्बन्धलाई कानून बमोजिम विच्छेद गरिनु सम्बन्ध विच्छेद हो।**

## महिलाले सम्बन्ध विच्छेद गर्न पाउने अवस्थाहरू

- पत्नीको मञ्जुरी नलिई लगातार ३ वर्ष वा सोभन्दा बढी समयदेखि अलग बसेमा,
- खान, लगाउन नदिएमा वा घरबाट निकाला गरिदिएमा,
- अङ्ग-भङ्ग हुने वा अरू कुनै ठूलो शारीरिक वा मानसिक कष्ट हुने किसिमको कुनै काम वा जाल प्रपञ्च गरेमा,
- अर्को विवाह गरेमा,
- अन्य महिलासँग यौन सम्बन्ध राखेको ठहरेमा,
- पत्नीलाई जबरजस्ती करणी गरेको ठहरेमा।

## पुरूषले सम्बन्ध विच्छेद गर्न पाउने अवस्थाहरू

- पतिको मञ्जुरी नलिई लगातार ३ वर्ष वा सोभन्दा बढी समयदेखि अलग बसेमा,
- पतिलाई खान, लगाउन नदिएमा वा घरबाट निकाला गरिदिएमा,
- पतिको अङ्ग-भङ्ग हुने वा अरू कुनै ठूलो शारीरिक वा मानसिक कष्ट हुने किसिमको कुनै काम वा जाल प्रपञ्च गरेमा,
- अन्य पुरूषसँग यौन सम्बन्ध राखेको ठहरेमा।




## सम्बन्ध विच्छेद गर्दा महिलाले अंश तथा खर्च भराउन नपाउने अवस्थाहरू

- पत्नीले पतिलाई खान, लगाउन नदिएमा वा घरबाट निकाला गरिदिएमा,
- पत्नीले पतिको अङ्ग-भङ्ग हुने वा अरू कुनै ठूलो शारीरिक वा मानसिक कष्ट हुने किसिमको कुनै काम वा जाल प्रपञ्च गरेमा,
- पत्नीले अन्य पुरूषसँग यौन सम्बन्ध राखेको ठहरेमा,
- निम्न माथी उल्लेखित अवस्था वाहेक अन्य अवस्था सम्बन्ध विच्छेद गर्दा महिलाले अंश तथा खर्च भराउन पाउँछिन।

## सम्बन्ध विच्छेदपछि बच्चा जन्मेमा

- सम्बन्ध विच्छेद भएको २७२ दिनभित्र बच्चा जन्मेमा यन्यथा प्रमाणित नभएसम्म सम्बन्ध विच्छेद भएकै श्रीमान्को मानिन्छ।

## सम्बन्ध विच्छेदपछि छोराछोरीको अवस्था

- ५ बर्ष उमेर पूरा नभएको अवस्थामा आमाले चाहेमा राख्न सक्ने,
- ५ बर्षभन्दा माथिको भए आमाले अर्को विवाह गरेकोमा बाहेक आफूसँग राख्न चाहेमा आमाले राख्न सक्ने,
- अन्य अवस्थामा बाबुको जिम्मामा रहने।

राष्ट्रिय महिला आयोग-२०५८ NWC

State and Peacebuilding Fund
THE WORLD BANK

care

LACC
कानूनी सहयोग तथा परामर्श केन्द्र